बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

०२/०८०/८१
पत्र.सङ्ख्या :
२०८०।०४।०१
मिति : ........................
चलानी. नम्वर : ०१

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन।।

प्रिय सहकारीज्यू,

प्रदेश विनियोजन ऐन २०८०, प्रदेश सभाबाट पारित भई मिति २०८०।०३।३१ गते माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भईसकेको व्यहोरा तहाँ विदितै छ। सोही अनुसार आर्थिक वर्ष २०८०।८१ को लागि त्यस मन्त्रालय/निकाय अन्तर्गत विनियोजित रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी यहाँबाट पुरा हुनेछ भन्ने विश्वास लिएको छु । प्रदेश सरकारको सीमित स्रोतको परिचालन गर्दा अधिकतम प्रतिफल हुने गरी मितव्ययिता, प्रभावकारीता र दक्षता कायम हुनेछ भन्ने समेत विश्वास लिएको छु। प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै वित्तीय अनुशासन कायम गर्न प्रदेशको विनियोजन ऐन, २०८०, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावली, २०७६ को पालना गर्नुहुनेछ भन्ने विश्वासका साथ प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ उपदफा (४) बमोजिम यो मार्गदर्शन जारी गरेको छु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति, बाँडफाँट र निकासा**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली, P-LMBIS (Provincial Line Ministry Budget Information System) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा ईकाई कार्यालयहरू मार्फत बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा हुनेछ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ । तर त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकारीले स्वयम् त्रैमासिक विभाजन संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र


फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np
0/C

संशोधन गर्नुपर्नेछ । यस बमोजिम भएको संशोधनको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

३. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा रकम विनियोजन भएको निकायको प्रमुखले खर्च गर्ने निकायहरूलाई विनियोजन ऐन, २०८० को दफा ८ उपदफा (३) बमोजिम २०८० असोज मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुहुनेछ ।

४. यस मन्त्रालयबाट बजेट कार्यान्वयन मार्गदर्शन जारी भएपश्चात, २०८० श्रावण ७ गते भित्र तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/कार्यालयबाट सम्बन्धित कार्यालयमा अख्तियारी तथा बजेट कार्यान्वयन मार्गदर्शन पठाई सक्नुपर्नेछ ।

५. प्रशासनिक खर्च बाहेक P-LMBIS (Provincial Line Ministry Budget Information System) मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रूपमा विनियोजित बजेटको क्रियाकलापगत विवरण खुलाई त्रैमासिक विभाजन सहितको कार्यक्रम तयार गरी विनियोजन ऐन, २०८० को दफा ८ उपदफा (३) बमोजिम २०८० असोज मसान्तभित्र P-LMBIS मा प्रविष्टि गरी यस मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नुहुनेछ ।

६. विनियोजन ऐन, २०८० बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/कार्यालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/सचिवालय/आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउनुहुनेछ ।

७. खर्च शीर्षक नं. २८९११(भैपरी आउने- चालु) र ३१५११(भैपरी आउने-पुँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ । फागुन मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरुको विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट चैत्र १५ गतेभित्र अनिवार्य रूपमा अभ्यर्पण गर्नुपर्नेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : ...........................

८. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ । स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रक्रियाबाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा गरिने छैन ।

९. मन्त्रालय/निकायमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगर्ने तर नयाँ कार्यक्रमका लागि थप निकासा माग्ने कार्य गर्नु हुने छैन । चालु वर्षको बीचमा आएर कुनै पनि नयाँ कार्यक्रम थप र उद्देश्य फरक भएका योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन ।

१०. प्राकृतिक प्रकोप, विपत्ति तथा संकट र विशेष अवस्थामा बाहेक दोस्रो त्रैमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमा भित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनुहुनेछ ।

**(ख) योजना/हस्तान्तरण र कार्यान्वयन**

११. विनियोजन ऐन, २०८० बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको इकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गराउनुपर्ने भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ । संघीय सरकारको इकाई मार्फत पुँजीगत योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपरेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति समेत लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई नेपाल सरकारको विनियोजन ऐन, २०८० को व्यवस्था अनुरूप समेत हुनेगरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा तहाँ मन्त्रालयबाट हस्तान्तरित सशर्त अनुदानका आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि कठिनाई पर्न गएमा सो निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ । स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनुहुनेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :

चलानी. नम्वर :

मिति : ..........................

(ग) **बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

१३. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरूको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको ढाँचामा स्वीकृत गरी तोकिएको समय सिमाभित्र यस मन्त्रालयमा पेश गरी सोही अनुरूप कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

१४. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक नयाँ ऐन तर्जुमा वा विद्यमान ऐनमा संशोधन गर्नुपर्ने भएमा मस्यौदा तयार गरी कार्त्तिक १५ गते भित्र प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी सक्नुपर्नेछ। विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा असोज मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुहुनेछ ।

१५. विनियोजन ऐन, २०८० बमोजिम नयाँ आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधि भरका लागि जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दी २०८० असोज मसान्त भित्र स्वीकृत गराई सक्नुपर्नेछ ।

१६. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरु पुरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाईन र लागत अनुमान तयार गरी २०८० असोज मसान्त भित्र ठेक्का व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य शुरु गरिसक्नुपर्नेछ । दोस्रो त्रैमासिक भित्र ठेक्का प्रक्रिया शुरु नभएका आयोजना तथा कार्यक्रम स्वतः समर्पण हुने व्यवस्था कार्यान्वयन गर्नुहुनेछ ।

१७. तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरुप कार्य नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

१८. तहाँ मन्त्रालय/निकाय/कार्यालय अन्तर्गत निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरो रहेका आयोजनाहरुको लगत निकाली कार्यान्वयन शुरु भएको ६ वर्ष पुगेका आयोजनाहरु आगामी वर्ष सम्पन्न नभएमा खारेज गर्ने प्रक्रिया अगाडि बढाउनुहुनेछ ।

१९. बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले तीन महिना भित्र ठेक्का प्रक्रिया शुरु गरिसक्नु पर्नेछ। अन्यथा उक्त स्रोत सहमति स्वतः खारेज हुनेछ ।

२०. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिम सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

पत्र.सङ्ख्या :
मिति : ..........................
चलानी. नम्वर :

पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनुहुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाईने व्यवस्था गर्नुहुनेछ ।

२१. नेपाल सरकारबाट सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी, कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण २०८० श्रावण २० गतेभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नुहुनेछ ।

२२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नुपर्नेछ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धमा द्विविधा पर्न गएमा यस मन्त्रालय तथा सम्बन्धित संघीय मन्त्रालय तथा अर्थ मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ ।

२३. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पुरा गरी P-LMBIS मा प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ । चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा प्रदेश आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ को पालना गरी यस मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ ।

२४. चालु खर्चतर्फ मितव्ययिता र पुँजीगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नुहुनेछ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन । विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ ।

२५. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ। सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनुहुनेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :  मिति : ........................
चलानी. नम्वर :

२६. आ.व. २०८०/८१ को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेवार बनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। आयोजनामा खटिने कर्मचारीहरूलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरूमै अभिमुखीकरण तालीम प्रदान गर्नुहुनेछ । कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारीता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनुहुनेछ ।

२७. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

२८. स्वीकृत बजेटको सीमा र स्वीकृत दरवन्दी भित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। नयाँ सेवा करारमा लिंदा सम्भव भएसम्म व्यक्ति नभई फर्म, कम्पनीबाट सेवा करारमा लिनु पर्नेछ । सेवा करारमा कार्यरत व्यक्तिको तलब पारिश्रमिक खर्च शीर्षकबाट खर्च लेख्न पाइने छैन। करार सेवा शुल्कः खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्नेछ । सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाईने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुनेछैन ।

२९. विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

३०. आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्दा आयोजनाको लक्ष्य र उपलब्धिलाई सूचकका आधारमा मापन गर्नुहुनेछ ।

३१. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ । पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको निर्धारित भौतिक प्रगतिको न्यूनतम ५० प्रतिशत हासिल हुनुपर्नेछ ।

३२. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमा भित्र अनिवार्य सम्पन्न गर्नुहुनेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

३३. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु/गराउनुहुनेछ । बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नुहुनेछ । आयोजनाहरुको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि प्रचलित कानूनले सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने न्यूनतम अवधी पालना गर्न पूर्ण जिम्मेवार बनाउने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुहुनेछ ।

३४. सडक ठेक्कामा दिंदा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको एकीकृत काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गराउनुहुनेछ ।

३५. बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्बन्धमा प्रचलित कानूनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नुहुनेछ ।

३६. मन्त्रालयहरुबाट उपलब्ध गराइने विभिन्न अनुदानहरु प्रदेश सरकारबाट जारी गरिएको प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ अनुरूप प्रदान गर्नुपर्नेछ । अनुदान दूरुपयोग नहुने र तोकिएको उद्देश्य हासिल गर्न उपयोग हुने सुनिश्चित गर्नुहुनेछ ।

३७. संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयन गर्न त्यसको प्रक्रिया सुरु गरी तोकिएको अवधिमा सम्पन्न हुने व्यवस्था मिलाउनुहुनेछ ।

३८. आर्थिक सहायता लगायतका खर्च शीर्षकमा रकम विनियोजन भएको भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार गर्नुहुनेछ ।

३९. आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएका क्रमागत आयोजनाको रुपमा पहिचान भएका योजनाहरु तोकिएको समयमा नै सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाउनु हुनेछ ।

४०. P-LMBIS का कुनै कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गर्नु गराउनुहुनेछ। अर्को कार्यक्रम र विनियोजित बजेट स्वतः फ्रिज भएको मान्नु पर्नेछ ।

४१. P-LMBIS मा तहाँ मन्त्रालय/निकाय अन्तर्गत जिल्लास्थित एक कार्यालयका योजनाहरु अर्को कार्यालयमा प्रविष्टि भएको भए समयमै जुन कार्यालयबाट कार्यान्वयन गराउनु पर्ने हो सो सम्बन्धी व्यवस्थाका लागि मन्त्रालय/निकायगत निर्णय सहित पेश गर्नुहुनेछ।

४२. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा बढी थप बजेट निकासा दिइने छैन। विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनुहुनेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

पत्र.सङ्ख्या : मिति : ..........................

चलानी. नम्वर :

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

४३. रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्दा प्रदेश कार्य सञ्चालन निर्देशिका, २०७८ को परिच्छेद ४ को बुँदा नं. ४.३.६, अनुसुची ३ र ५ मा गरिएका व्यवस्था बमोजिम गर्नुहुनेछ।

४४. पुंजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुंजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन ।

४५. दोस्रो त्रैमासिक शुरु नभई रकमान्तर सम्बन्धी कार्य गरिने छैन। शुरु अख्तियारी दिइएको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा बजेट रोक्काको सुनिश्चितता गरेर मात्र रकमान्तर माग गर्नु गराउनुहुनेछ ।

४६. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु गराउनुहुनेछ । अनिवार्य दायित्वको खर्च शीर्षकमा कम रकम बाँडफाँट गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा गर्न मन्त्रालय बाध्य हुने छैन ।

४७. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रूख विरूवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई शुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर गरिने छैन ।

४८. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकहरूमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनुहुनेछ । यी खर्च शीर्षकहरुबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापत रकम भुक्तानी गर्नु पर्नेछ ।

४९. तलब भत्ता लागायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ । सबै सार्वजनिक भुक्तानी सम्बन्धी कारोवार बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनुहुनेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : ..........................

५०. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा खरिद वा अन्य सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०८० लगायत अन्य प्रचलित कानून अवलम्बन गर्नु हुनेछ ।

५१. प्रचलित कानूनी व्यवस्था अनुसार प्रतिवेदन प्रणालीलाई सामयिक र व्यवस्थित गर्नुहुनेछ । कार्यक्रम खर्चको उपलब्धि सहितको प्रकाशित प्रतिवेदन यस मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनुहुनेछ । प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को पूर्ण पालना गर्नुहुनेछ ।

५२. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नुहुनेछ ।

५३. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनुहुनेछ । सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र मितव्ययी तवरले कार्यक्रम अन्य स्थानमा आयोजना गर्न सकिनेछ ।

५४. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी विद्यमान सामाग्रीहरुको मर्मत सम्भार गरी प्रयोग गर्नुहुनेछ । नयाँ खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु पर्नेछ । नयाँ स्थापना हुने कार्यालय तथा साबिकको कार्यालयमा दरबन्दी थप भएको अवस्थामा बाहेक कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अबलम्वन गर्नुहुनेछ ।

५५. सरकारी कार्यालयहरूलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको अन्य स्थानमा घर बहालमा लिने व्यवस्था मिलाउनुहुनेछ ।

५६. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको सरकारी मूल्याङ्कन समेतलाई आधार लिनु पर्नेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :
चलानी. नम्वर :

मिति : ..........................

५७. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गराउने र बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरूत्साहित गर्नुहुनेछ ।

५८. सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन । बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसार अग्रिम आयकर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

५९. तहाँ मन्त्रालय/निकाय/कार्यालय अन्तर्गत विभिन्न मापदण्ड, कार्यविधि, निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएको अतिरिक्त भत्ता, प्रोत्साहन भत्ता र विशेष भत्ताहरु खारेज गरिएको हुँदा त्यस किसिमका भत्ताहरु नदिने व्यवस्था मिलाउनुहुनेछ ।

६०. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य रूपमा पूर्व सहमति लिएर मात्र प्रक्रिया अगाडि बढाउनुपर्नेछ । यसरी सहमति नलिई गरिएका कार्यबाट सिर्जित हुने आर्थिक दायित्वको व्यवस्थापनका लागि मन्त्रालय बाध्य हुने छैन ।

६१. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमार्फत सञ्चालन हुने कार्यक्रमहरूको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन त्रैमासिक रूपमा यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुहुनेछ ।

६३. मन्त्रालय/सचिवालय/आयोगले आफ्नो र मातहतका कार्यालयहरूको आय र व्ययको त्रैमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र यस मन्त्रालय र प्रदेश लेखा



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :

चलानी. नम्वर :

मिति : ..........................

नियन्त्रक कार्यालयमा बुझाउनुपर्नेछ । दोस्रो त्रैमासिकको आय र व्ययको विवरण पेश गर्दा तेस्रो त्रैमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुहुनेछ ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

६४. प्रदेश विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, लागायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालन गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनुहुनेछ ।

६५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी समयमै यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नुहुनेछ ।

६६. चालु तथा पुँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा प्रभावकारी र मितव्ययितापूर्वक गर्नु गराउनु हुनेछ। कार्यालय सञ्चालन खर्चमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नुहुनेछ ।

६७. प्रदेश मन्त्रालय, निकाय र सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

६८. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, दाता, स्रोत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित परिमाण वा उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

६९. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि प्रचलित कानून अनुरूप लेखा अभिलेख राख्ने व्यवस्था गर्नुहुनका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुहुनेछ ।

७०. आर्थिक वर्ष २०७९/८० को अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत तहाँ मन्त्रालय/निकायलाई प्राप्त सङ्घीय सशर्त, समपूरक अनुदान र विशेष अनुदानबाट खर्च भएको खर्चको स्रोतगत विवरण २०८० श्रावण १० गते भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल


बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :

चलानी. नम्बर :

मिति : ............................

७१. आर्थिक वर्ष २०८१/८२ को बजेटमा समावेश गर्नुपर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजनाहरूको पहिचान, छनौट, मूल्याङ्कन तथा लाभ लागत, विश्लेषण समेतका आधारमा आयोजना ढाँचा तयार गरी २०८० फागुन मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ ।

*आ.व. २०८०/८१ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको* ***Website : moeap.bagamati.gov.np*** *मा हेर्न र डाउनलोड गर्न सकिने छ।*

.....................

(महेश आचार्य)

प्रदेश सचिव

**श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, बागमती प्रदेश, हेटौंडा ।**

**संलग्नः**

क) आ.व. २०८०/०८१ को बजेट वक्तव्य - १ थान

ख) आ.व. २०८०/०८१ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ थान

ग) आ.व. २०८०/०८१ को अन्तरसरकारी वित्त हस्तान्तरण(स्थानीय तह) - १ थान

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा ।



फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com, वेबसाइट: moeap.bagamati.gov.np